लेखापरीक्षण प्रतिवेदन

परोहा नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

परोहा नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/362

श्रीमान् नगरप्रमुखज्यू,

परोहा नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, रौतहट ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/362

श्रीमान् नगरप्रमुखज्यू ,
परोहा नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, रौतहट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. **कैफियत सहितको राय**

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. परोहा नगरपालिकाको आय व्ययतर्फ रू. १ अर्ब ४८ करोड ४९ लाख ८९ हजार को लेखापरीक्षणबाट रू. ३ करोड ९८ लाख १९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २० लाख २२ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु १ करोड १४ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २३ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३३ लाख ४ हजार र पेश्की बाँकी रु. ६ लाख ५० हजार गरी जम्मा रु. ३ करोड ७७ लाख ९७ बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ३९ करोड २१ लाख ८० हजार मध्ये रू. २४ लाख ११ हजार फस्र्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ४२ करोड ७५ लाख ६५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले परोहा नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत परोहा नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५५	१९४	३,९८,१८,९८१	०	४८	२०,२२,४२५	०	५५	१४६	३,७७,९६,५५६	१,१४,७१,५१४	१,३३,०४,०२२	१,२३,७१,०२२	०	०	२,५६,७५,०४४	६,५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रौतहट	३९,२१,८०,१४८	०	२४,११,३१९	३८,९७,६८,८२९	0	३,७७,९६,५५६	४२,७५,६५,३८५

बेरुजु सम्परीक्षणको

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५७	समायोजन ग्रेड	३,७२,८३०
२	२०८१/८२	३३	विल भरपाई वेगर भुक्तानी	२,००,०००
३	२०८१/८२	४३.२	बिल भरपाई नभएको	२,१७७
४	२०८१/८२	२५	बढी भुक्तानी	१२,६७५
५	२०८१/८२	३१	प्रगति प्रतिवेदन	३,६९,९९३
६	२०८१/८२	३८	पेश्की बाँकी	२,६०,०००
७	२०८१/८२	२१	पारिश्रमिक कर	२,०५,८६१
८	२०८१/८२	२२.१	पाठ्यपुस्तक खरिद	३,३५,४०९
९	२०८१/८२	२६	दोहोरो भत्ता	८,५००

१०	२०८१/८२	२७	दिवा खाजा	१४,६०९
११	२०८१/८२	२३	चाडपर्व खर्च	१,०१,३३९
१२	२०८१/८२	५३.१	गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (MEDPA)	४६,२००
१३	२०८१/८२	३४	आनुपातिक कट्टी	१५,८३०
१४	२०८१/८२	५४	अनुदान र लेखापरीक्षण	५०,०००
१५	२०८१/८२	२८	अनुगमन भत्ता	२७,०००
१६	२०८०/८१	१३.२	धरौटी	१६,६९,२३८
१७	२०८०/८१	३२.३	तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम	७०,१३३
१८	२०७८/७९	४१.११	भत्ता	१५,०००
१९	२०७८/७९	२२	पेश्की बाँकी	६,००,०००
२०	२०७७/७८	१८.४	शिक्षा	३५,७००
२१	२०७७/७८	१७	भ्रमणको अवधिमा भत्ता वितरण	२१,२५०
जम्मा				४४,३३,७४४

परोहा नगरपालिका, रौतहट

(८०२२०४०९३००)

परोहा नगरपालिका , रौतहट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- उद्देश्यः स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ३७.४५ बर्ग किलोमिटर र जनसंख्या ३७४५३ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।६ देखि २०८२।५।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- यस बर्ष २०८१।८२ मा पालिकाको कुल आय-व्यय रु. १४८४९८८९७७.३३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस पालिकाले तयार गरेको म.ले.प.फारम नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) यस वर्षको कुल जम्मा प्राप्ति रु. ७७,११,५०,२१०.४० तथा कुल जम्मा भुक्तानी रु. ७७,११,५०,२१०.४० रहेको छ । साथै अन्तरसरकारी हस्तान्तरण तर्फ रु. २६११८२५२६.५०।- निकासा प्राप्त भई खर्च भएको आर्थिक कारोबारको एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१९२७१११९.३	चालु खर्च		२७७१८७१०५.२
१. संचित कोष	५५७६७५९.०२		१. पालिका तर्फ	१२७०७०७१३.४	
२.धरौटी	१०२९३४८४.१		२. संघीय सशर्त	१५०११६३९१.८	
३.प्रकोप व्यवस्थापन कोष	२८११५५		३. संघीय विशेष	०	
४. अन्य कोष	३११९७२१.१८		४. प्रदेश सशर्त	०	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	१०२७३९८८.१२	१०२७३९८८.१२	पुँजीगत खर्च		१५२११२४४९.३
२. वित्तीय हस्तान्तरण (संघ)		४२८५९४६५६.०३	१. पालिका तर्फ	९२२५२४१६.३	
क) समानीकरण अनुदान	१०४६९८१६०		२. संघीय सशर्त	२६४८७११७	
ख) राजस्व बाँडफाँट	८८५८५४९६.०३		३. संघीय विशेष	२५४९६८३४	
ग) सशर्त अनुदान	२०९८११०००		४. प्रदेश सशर्त	७८७६०८२	
ङ) विशेष अनुदान	२२५०००००		५. प्रदेश विशेष	०	
छ) अन्य	०		अन्तर सरकारी अख्तियारी (संघ)		२६११८२५२६.५
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३१५९८४०३	क) सामाजिक सुरक्षा	१५७०४८९५७.५	
क) समानीकरण अनुदान	८१०८०००		ख)स्थानीय तह पूर्वाधार विकास कार्यक्रम	४०००००००	
ख) राजस्व बाँडफाँट	१०९९०४०३		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१२७६२२२३	
ग) सशर्त अनुदान	९५०००००		घ) स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४०३५६७५७	
घ) समपुरक अनुदान	०		ङ) विद्यालय शिक्षाक्षेत्र योजना	५३६०००	
ङ) विशेष अनुदान	३००००००		च) पर्यटन पूर्वाधार विकास आयोजना	९९७८५८९	
च) रोयल्टी	०		छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५०००००	
छ) अन्य	०		अन्य कोषबाट भएको खर्च		४७९३२३०
४. **अन्तर सरकारी**		२६११८२५२६.५	धरौटी फिर्ता तथा सदर	१४८०९८७	

अख्तियारी (संघ)			स्याहा		
क) सामाजिक सुरक्षा	१५७०४८९५७.५		प्रकोप कोष खर्च	१८८०८३८	
ख)स्थानीय तह पूर्वाधार विकास कार्यक्रम	४०००००००		विविध कोष खर्च	१४३१४०५	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१२७६२२२३		अनुदान फिर्ता		३३२१०६५७.२१
घ) स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४०३५६७५७		१. संघ तर्फ		
ङ) विद्यालय शिक्षाक्षेत्र योजना	५३६०००		क) सशर्त अनुदान	३३२०७४९१.२१	
च) पर्यटन पूर्वाधार विकास आयोजना	९९७८५८९		ख) विशेष अनुदान	३१६६	
छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५०००००		ग) समपुरक अनुदान	०	
५. अन्य कोषको आय		२०१३४९२१.८३	२. प्रदेश तर्फ		४६२३९१८
क) धरौटी आय	८१०७४४२		क) सशर्त अनुदान	१६२३९१८	
ख) प्रकोप व्यवस्थापन कोष	५९०००००		ख) विशेष अनुदान	३००००००	
ग) विविध कोषखाता	२००००००		ग) समपुरक अनुदान	०	
घ) विविध खर्चखाता	४१२७४७९.८३		अन्तिम मौज्दात		३८०४०३२४.२१
६. अन्य आय	९४५९५.६	९४५९५.६	१. संचित कोषको मौज्दात	९००४२७२.१	
			२. धरौटी	१६९१९९३९.१	
			३. प्रकोप व्यवस्थापन कोष	४३००३१७	
			४. अन्यकोष	७८१५७९६.०१	
जम्मा	७७११५०२१०.४	७७११५०२१०.४	जम्मा	७७११५०२१०.४	७७११५०२१०.४

२.१ **फरक हिसाब** –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ६७६६२९५, यस वर्षको प्राप्ति रु. ३१८१९४२१३.७१,यस वर्षको भुक्तानी रु.३०३८१०३३१.७३ र बैङ्क मौज्दात रु ३११६७८१३.४५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात	कैफियत/समायोजन
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१२५०४८२३.९२	४३३६८४८७७.३९	४२९२९९५५४.४६	६८७२५१०.७६	१००१७६३६.०९
एकीकृत आर्थिक विवरणअनुसार	१९२७१११९.३०	७५१८७९०९.७१	733109886.१९	३८०४०३२४.१९	०
फरक	६७६६२९५.३८	३१८१९४२१३.७१	३०३८१०३३१.७३	३११६७८१३.४५	-१००१७६३६.०९

२.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० नै व्यवस्था भएको तथा नभएका विवरणहरु प्रविष्टिको लागि फर्महरूको व्यवस्था गरिएकोमा पालिकाले देहायका सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन । प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) को विस्तृत विवरण अनुसूची खण्डमा समावेश रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ **बैङ्क हिसाव विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी	फरक रु.
१.	स्थानीय तह सञ्चित कोष	८९०९६७६.१	९२८१८४९.१७	३७२१७३।०७
२.	विविध खर्च खाता	२८९७३८७.०१	२८९७३८७.०१	०
३.	कल्याण कोष खाता	४९१८४०९.	४९१८४०९.	०
४.	प्रकोप व्य कोष खाता	४३००३१७.	४३००३१७.	०

२.४ **कर दायित्व** - पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९४,५९६।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । दायित्व सिर्जना भइसकेको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९४,५९६

२.५ **खर्च बिश्लेषणः** पालिकामा यस बर्ष कुल आन्तरिक आयबाट रू.१ करोड २ लाख ७४ हजार, राजस्व बाँडफाँटबाट रु.९ करोड ७९ लाख ४६ हजार र अनुदानबाट रु.३२ करोड २७ लाख ८३ हजार र अन्य प्राप्ती रू.१६ लाख २३ हजार समेत रु.४३ करोड २६ लाख २६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २७ करोड ७१ लाख ८९ हजार र पूँजिगत तर्फ रु. १५ करोड २१ लाख १२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रू.१ करोड २ लाख ७४ हजार (२.३७ प्रतिशत) रहेको छ । यस बर्ष प्रशासनिक खर्च वापत रु.१२ करोड १६ लाख ७८ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिब १२ गुणा बढी खर्च हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.०७ प्रतिशत चालु र ३५.१६ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ

। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण तथा सेवा प्रवाहमा परिचालन गरिनुपर्दछ ।

३ बजेट तथा कार्यक्रम

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ५० करोड ७२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२१ पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड ८३ लाख २९ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रु.१ करोड २ लाख ७४ अर्थात अनुमान भन्दा ४४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३.३ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

आर्थिक वर्ष	केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२०७९।८०	५१,५९,३८,८१५	१,६५,००,०००।-	३.१९
२०८०।८१	४३,३२,१४,३५७।-	१,५४,५५,९८७।-	३.५७
२०८१।८२	४२,९२,९९,५५५।-	१,०२,७३,९८८।-	२.३९

उपर्युक्त विवरण अनुसार विगत तीन वर्षको स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा औसतमा ३.०५ प्रतिशत रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३.४ **वार्षिक खरिद योजना/गुरुयोजना**- सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रू. १५ करोड २१ लाख १२ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नै खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना तथा गुरुयोजना समेत नबनाई खरिद कार्य गरेको देखियो । नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.५

त्रैमासिक पुँजिगत खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको लागि स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने गरी वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्दछ। पालिकाको शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	१५२११२४४९	२२८८९६३०	४३७४७८१६	३०२६६४६१	५५२०८५४२	३९३६१४५९
२	प्रतिशत	१००.००	१५.०५	२८.७६	१९.९०	३६.२९	२५.८८

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ३६.२९ प्रतिशत तथा आषाण महिनामा २५.८८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ ।

३.६ **योजनाको प्राथमिकिकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा १०४ योजनामा वजेट विनियोजन गरेको छ ।

रु १ लाख सम्म	रु १ लाख देखि ५ लाखसम्म	रु ५ लाख देखि १० लाखसम्मका	रु १०-५० लाख सम्म	५० लाख भन्दा बढी	जम्मा
६	४०	३८	३१	५	१२०

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५२४९५०००	४०११४०६५	७६.४२
२	पूर्वाधार विकास	८१००३०००	६७७८९३७७	८३.६९
३	सामाजिक विकास	१२५१२००००	१०४९८७२४१	८३.९१
४	कार्यालय संचालन तथा प्रशासनिक	२४८६२६०००	२१६४०८८७१	८७.०४
	जम्मा	५०७२४४०००	४२९२९९५५४	८४.६३

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८७.०४ प्रतिशत र सबैभन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ७६.४२ प्रतिशत खर्च गरेको छ

३.८

गतवर्षको भुक्तानी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा उल्लिखित तलब, महँगी भत्ता लगायतका खर्च चालु वर्षको बजेटले नखामेको उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षक कार्यालयबाट स्वीकृत ढाँचामा प्रमाणित गराउनुपर्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको रु.२,३४,९७,२१८।- खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरेकोमा निम्नानुसार ऐन विपरीत कर्मचारीको वैठक भत्ता, विविध खर्च र कार्यालय सञ्चालन खर्च समेत रु.७,७१,९०२।- भुक्तानी दिन बाँकीको विवरण तयार गरी भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व बाहेक नियमित प्रकृतिको खर्च समेत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

सि.न.	**दायित्व सिर्जना भएको मिति**	**कारोबारको संक्षिप्त विवरण**	**भुक्तानी पाउनेको नाम**	**भुक्तानी रकम**
१	२०८१।३।२५	पानीको भुक्तानी	एकुवा नेपाल बौधीमाई	१७१००
२	२०८१।३।२५	मोटरसाईकल मर्मत खर्च	उत्कर्ष मोटर्स प्रा.लि.	४९८३९
३	२०८१।३।१९	गाडी मर्मत	अफरोज केविन बडी मर्मत	३५०००
४	२०८१।३।२५	कार्यालय सञ्चालन	वडाभेला खर्च	१७६९७५
५	२०८१।०२।०७	आयर्वेद अस्पताल सञ्चालन	मुकेश यादव	८१५०
६	२०८१।३।२४	खाजा खर्च	नन्दनी मिष्ठान भण्डार	१९४००
७	२०८१।३।११	अनुगमनकर्ताको भत्ता	बैँकमार्फत	१२९८००
८	२०८१।३।२५	शिक्षकभर्ना वैठक भत्ता	बैँकमार्फत	६१८००
९	२०८१।३।२३	कृषि शाखाको वैठक भत्ता	प्रभु बैँक	४००००
१०	२०८१।३।२४	मोहर्म पर्वमा खर्च	मो. माजिद	७७०००
११	२०८१।३।२५	पदपुर्ति समितिको वैठक भत्ता	बैँकमार्फत	१५६८३८
जम्मा				७७१९०२

अनियमित भएको	७,७१,९०२

४ **सेवा प्रवाह विवरण**

सेवा प्रवाहको स्थिति- स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार देहायको सेवा प्रवाह गरेको पाइयो ।

विवरण	निवेदन दर्ता	सिफारिस
स्वीकृत घरनक्सा दर्ता पास	९	९
पञ्जिकरणतर्फ		
जन्मदर्ता	१५६८	१५६८
मृत्युदर्ता	२८६	२८६
बसाईसराई दर्ता	८८	८८
विवाह दर्ता	४४६	४४६
ग्राभेल सडक निर्माण	५ कि.मी.	
ग्राभेल सडक मर्मत	०.९ कि.मी.	
पक्की सडक निर्माण	२ कि.मी.	

वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी ९ मध्ये ५ पदपूर्ति र रिक्त ४ को पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

५ कानून निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ८ ऐन, १ नियमावली, २२ कार्यविधि समेत ४१ वटा कानुन निर्माण गरेकोमा सबै कानुनको पालना गरी कार्यान्वयन गरेको देखिएन । पालिकालाई आवश्यक कानुनहरू निर्माण तथा उक्त कानूनहरुको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।

· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू १५ लाख ९६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

· पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गरेको कन्टेन्जेन्सी खर्चको देखिएता पनि सोको आयोजनागत अभिलेख तयार गरी राख्नुपर्नेमा सो राखेको छैन ।

· स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन संकलन र अभिलेख राख्ने गरेको देखिएन । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

· मधेश प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४(३) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित नगरी पारिश्रमिक खर्च लेखेको ।

· पालिकाले विपद् व्यवस्थापनसम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन । कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना, जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनाउनु पर्ने देखिन्छ ।

७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। नगरपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन । ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले यो आर्थिक वर्षमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेतापनि सभाले पारीत गरी पद दर्ताको लागि तालुक निकायमा पठाएको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको संगठन संरचनाअनुसार नगरकार्यपालिकाको लागि २९ जना र ९ वटा वडाको लागि १८ जना समेत जम्मा ४७ जनाको दरबन्दी रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव-इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । नियमानुसार आवश्यकता पहिचान गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

८.२ **करार कर्मचारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था छ । पालिकाले २ जना सव ईन्जिनियर, ९ जना सहायक कम्प्युटर अपरेटर, १ जना जे.टी.ए, ९ जना ड्राईभर, १६ जना कार्यालय सहयोगी, २ जना खानेपानी अपरेटर, १ जना फिल्ड सहायक र ३ जना संघीय साझेदारी अन्तर्गत ४५ जनालाई करारमा नियुक्त गरी २०८२ जेष्ठसम्म (बजेट अभावका कारण आषाढको पारिश्रमिक भुक्तानी हुन नसकेको) रु.८३,३६,५७०।- खर्च गरेको देखियो। पालिकाले स्वीकृत दरबन्दीको अधिनमा रही आवश्यक जनशक्तीको संख्या निर्धारण गरेर, आन्तरिक आय तथा कर्मचारीको आवश्यकतालाई समेत मध्यनजर गरी प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दीको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गर्नुपर्दछ ।

८.३ **सुपरभाईजर तथा हेरालु खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च बेहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण र आफ्नो आन्तरिक आम्दानीको स्रोत समेतको विचार नगरी खानेपानी अपरेटर, ड्राईभर, बाटो हेरालु, सुपरभाईजर तथा अन्य मर्मतको कार्य गर्न दैनिक ज्यालादारीमा ७१ कामदार भर्ना गरी नगरप्रमुखबाट हाजिरी प्रमाणित गराई रु. २८,५६,५००।- खर्च गरेको देखियो । गतवर्ष बजेट नपुग भई यसरी काम गरेका १२ जना कामदारको पारिश्रमिक रु.६,९७,०००।- भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी यसवर्ष भुक्तानी गरेको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर आन्तरिक आम्दानीको स्रोत समेत विश्लेषण गरी यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

गोश्वारा भौचर र मिति	**कामको प्रकृति**	**संख्या**	**रकम**
३३।२०८१।७।४	खानेपानी अपरेटर	१	४५०००
७३।२०८१।७।१४	ड्राईभर, बाटो हेरालु र सुपरभाईजर	५	१४५०००
१७५।२०८१।८।२५	बिरुवा तथा बाटो हेरालु	२	१२९४८०
१८९।२०८१।९।२	सुपरभाईजर	४	२८८०००
२८०।२०८१।१०।१३	सुपरभाईजर	१	९१३००
२९५।२०८१।१०।२८	सुपरभाईजर र हेरालु	२६	१३१३०००
३७५।२०८१।११।२७	सुपरभाईजर र हेरालु	१६	३०२७२०
४०२।२०८१।१२।१५	सुपरभाईजर र हेरालु	१०	१८८०००
४२८।२०८१।१२।२५	सुपरभाईजर र हेरालु	२	१८००००
४६४।२०८२।१।२४	सुपरभाईजर	३	१०४०००
४९५।२०८२।२।१	सुपरभाईजर	१	७००००
जम्मा		७१	२८,५६,५००।-

८.४ **प्रोत्साहन भत्ता**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१) मा स्थानीय सेवाको गठन, संचालन व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले नगरसभाको २०८१।०३।२३ को निर्णयानुसार १९ कर्मचारीलाई मासिक रुपमा तलबको २० देखि ७५ प्रतिशत प्रोत्साहन भत्तामा करकट्टीपश्चात रु.२८,९४,८९९।- भुक्तानी गरेको छ जुन यसवर्षको आन्तरिक आय रु.१,०२,७३,९८८।- को २९ प्रतिशत हो । यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार आदिलाई मध्यनजर गर्दै कार्यविधिमा स्पष्ट सूचक निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कन सुचकहरुको आधारमा मात्र सम्बन्धितलाई भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको रकम नियम सम्मत नभएको ।

अनियमित भएको	२८,९४,८९९

८.५ **अवकास कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरसभाको निर्णयानुसार गोश्वारा भौचर ११८।२०८१।८।२ मा वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोष वापतको रकम विविध कोष खातामा रु.२०,००,०००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट

सोझैकर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने

प्रमाण पेश नगरेको	२०,००,०००

९ **कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा ५ प्रतिशत धरौटी वापत राखेको रकम फिर्ता गर्दा सम्बन्धित सेवा प्रदायकले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कर समायोजन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार पार्टीहरुलाई कार्यसम्पन्न पश्चात रु.५,४७,३७९।- धरौटी कट्टी फिर्ता गर्दा सम्बन्धित राजश्व कार्यालयमा मु.अ. कर समायोजन गरेको पत्र संलग्न गरेको छैन। खरिद नियमावली बमोजिम रिटेन्सन मनी फिर्ता गरेको रकमको मु.अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

सि.न.	गोश्वारा भौचर र मिति	पार्टीको नाम	रकम
१	२०।२०८२।३।४	न्यू शिवशक्ति ईम्पोरियम, गौर	१४००००
२	१६।२०८१।११।२८	आमान ट्रेडर्स, गुजरा	१३७५००
३	५।२०८१।७।२४	एशियन कन्स्ट्रक्सन, यमुनामाई	२४६८०४
४	१०।२०८१।१०।३	ओम शिब साई ट्रेनिङ्ग, मलङ्गवा	२३०७५
जम्मा			**५४७३७९**

प्रमाण पेश नगरेको	५,४७,३७९

१० **धरौटी तथा कोष**

पालिकामा रहेका ३ कोष र धरौटी खातामा आ.व. २०८१।८२ मा गत वर्षको जिम्मेवारी रु. १ करोड ३६ लाख ९४ हजार रहेकोमा यसवर्ष रु.२ करोड १ लाख ३५ हजार आम्दानी भएकोमा रु.४७ लाख ९३ हजारखर्च भई रु.२ करोड ९० लाख ३६ हजार मौज्दात बाँकी देखिन्छ । जसको अवस्था देहायअनुसार रहेको छ ।

कोषको नाम	शुरु मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	बाँकी
प्रकोप व्यवस्थापन कोष	२८११५५	५९०००००	१८८०८३८	४३००३१६
विविध खर्च खाता	२०१३१२।१८	४१२७४७९।८३	१४३१४०५	२८९७३८७।०१
विविध कोष खाता	२९१८४०९	२००००००	०	४९१८४०९
धरौटी खाता	१०२९३४८४	८१०७४४२	१४८०९८७	१६९१९९३९
जम्मा	**१३६९४३६०**	**२०१३४९२२**	**४७९३२३०**	**२९०३६०५१**

११ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले यो वर्ष आर्थिक सहायता कार्यविधि, २०७४ अनुसार विपन्नलाई उपचारार्थ आर्थिक सहयोग र अन्य सामाजिक सहयोग अन्तर्गत विभिन्न व्यक्ति तथा संघसंस्थालाई कुल रु.१९ लाख ८१ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । आन्तरिक आयको आधारमा वितरित सहायताको पुष्टी हुनेगरी आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१२ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा

नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· **वडाबाट खरिद-** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)लागू भएपछि खरिद गर्नुपर्ने जिन्सी सामाग्रीका लागि खरिद आदेश तथा जिन्सी दाखिला सोही प्रणाली मार्फत स्वीकृत गराई तथा दाखिला गरी भुक्तानी गर्नुपर्नेमा वडा कार्यालयबाट वडा अध्यक्ष र वडा सचिवको खरिद आदेश, पेश भएको विल, रजिष्टरमा जिन्सी दाखिला गरेकोमा समेत भुक्तानी दिएको पाईयो । पालिकाले सबै खरिद आदेश PAMS बाट स्वीकृत गराई सोही अनुसारको खरिद भएका सामाग्रीको विल भरपाई अनुसार प्रणालीमा दाखिला गर्नुपर्दछ । वडाबाट खरिद भएका सबै जिन्सी सामाग्रीको अभिलेख PAMS मा राख्नुपर्दछ ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ वटा मुद्दा रहेकोमा यो वर्ष फर्स्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१५ प्राविधिक बिल र कार्यसम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७ राजश्व अभिलेख

कार्यालयको राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट मालपोततर्फ रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । कार्यालयको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट भुमिकर/मालपोत शीर्षकमा रु.१,७७,१२७।- राजश्व संकलन भएकोमा नगद संकलन गरी प्रणालीमा प्रविष्ट गरेको देखियो । सम्पुर्ण राजश्व स्वचालीत प्रणालीबाटै सङ्कलन गर्नुपर्दछ ।

१८ असुली गर्न बाँकी आन्तरिक आय

१८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको पोखरी र कार्यालयको स्वामित्वका सटरहरुको आन्तरिक आय ठेक्कामा देहायअनुसार १० व्यवसायीबाट रु.७,८३,३५०।- असुल गर्ने बाँकी रहेको छ । पालिकाले असुल गर्न बाँकी रकम सम्बन्धितसँग भएको सम्झौताको आधारमा जरिवाना समेत लिई असुल गर्नुपर्दछ ।

क्र.सं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	दाखिला रकम	बाँकी रकम
१	श्यामबालक पटेल, परोहा-५	भेडीयाहीको पोखरी	१८३३५०	०	१८३३५०
२	पंकज कुमार जयसवाल, परोहा-६	बसन्तपट्टीको पोखरी	२१००००	०	२१००००
३	हरिशंकर प्रसाद कुशवाहा,ईशनाथ-९	रामपुरखाप पोखरी, परोहा-९	२१००००	०	२१००००
४	अशोक राम यादव	सटर नं १५	३६०००	२४०००	१२०००
५	अब्दुल मनान देवान	सटर नं. ७ र ११	६००००	२९०००	३१०००
६	राजेश साह सोनार	न.पा. सटर	३६०००	१८०००	१८०००
७	कमलेश पंडित	सटर नं १३ र १४	६००००	०	६००००
८	पिताम्बर प्रसाद पटेल	सटर नं.१, २ र ३	८४०००	७६०००	८०००
९	ब्रजकिशोर यादव	सटर नं १०	३६०००	२००००	१६०००
१०	रामनरेश साह	सटर नं. १९ र २०	६००००	२५०००	३५०००
जम्मा			**९७५३५०**	**१९२०००**	**७८३३५०**

असुल गर्नुपर्ने	७,८३,३५०

१८.२ त्यस्तै पालिकाले उठ्न बाँकी रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत अभिलेख समेत यकिन नहुने जोखिम रहन्छ । पालिकाको स्वामित्वमा हाल २२ वटा सटरहरु रहेकोमा यसवर्ष विभिन्न १५ वटा सटरबाट मात्र आन्तरिक आम्दानी प्राप्त भएको देखिन्छ । उठ्न बाँकी रकमको आयगत लगत तयार गरी बाँकी सटरहरु पनि नियमानुसार बहालमा दिई आम्दानी गर्नुपर्दछ ।

१९ सवारी भाडा असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले ७८१ नम्बरको १ वटा टिपर कार्यपालिकाको निर्णयानुसार प्रतिदिन रु.१०,०००।- बहाल लिनेगरी निम्नानुसार व्यक्तिहरुलाई भाडामा दिएकोमा ३६ दिनको भाडाबापत प्राप्त हुने रु.३,६०,०००।- असुल गर्न बाँकी देखिएकोले नियमानुसार बाँकी रकम सम्बन्धितबाट असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु..

सि.नं.	भाडामा लिनेको नाम	दर (प्रतिदिन रु.)	जम्मा दिन	रकम
१	दयाराम साह	१००००	२३	२३००००
२	रामएकवाल सहनी	१००००	१३	१३००००
जम्मा				**३६००००**

असुल गर्नुपर्ने	३,६०,०००

२० **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

२०.१ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

२०.२ निजि विद्यालय व्यवस्थापन : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

२०.३ बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत २२ सामुदा यिक विद्यालयहरु रहेकोमा आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराएको बिबरण प्राप्त भएको छैन । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

२०.४ निःशुल्क शिक्षा: नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२०.५ अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँनपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने

अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

२१ **पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८७ बमोजिम प्रत्येक कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने कुनै रकम भुक्तानी दिदा अनुसूचि १ बमोजिम करकट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम शिक्षक तथा कर्मचारीहरूको तलव/भत्ता भुक्तानी दिँदा पारिश्रमिक करकट्टा नगरी भुक्तानी भएकोले करकट्टा गरी दाखिला गर्नुपर्ने रू.

क्र.सं.	शिक्षकको नाम	विद्यालय/कार्यालयको नाम	वार्षिक करयोग्य आय	वार्षिक कर	सा.सु. कर भुक्तानी भएको	पारिश्रमिक कर कट्टा गर्नुपर्ने
१	दिपेन्द्र कुमार मिश्र	मा.वि. द्वितीय	६६७५८१	१२७५८	६६७६	६०८२
जम्मा			६६७५८१	१२७५८	६६७६	६०८२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६,६२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **६,०८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३,६८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **११,३४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१५,५२५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४,६७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,१९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१७,६७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५५,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६,०८२

२२ पाठ्यपुस्तक खरिद

२२.१ **बढि निकासा**: शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । क्रियाकलाप नं. को ३.१ को १ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयतगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने र सोहि क्रियाकलापको २ मा यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले कक्षागत रूपमा विद्यार्थीसंख्याको आधारमा निकासा दिँदा पुस्तक खरिदको विल तथा विद्यार्थीलाई पुस्तक वितरण गर्दा गराईएको भरपाई भन्दा निकासा बढी भएको देखिएकोले बढि निकासा दिएको देहायबमोजिमका विद्यालयको पाठ्यपुस्तक वापतको रकम असुली गर्नुपर्ने रू.

क्र.सं.	विद्यालयकोनाम	निकासाभएको	निकासाहुनुपर्ने	बढीनिकासा
१	ओम मा.वि.नरकटिया	१११९९४४	९४५०९४	१७४८५०
२	श्रीसरस्वती प्रा.वि. बसन्तपट्टी	११२९३४	९१५६०	२१३७४
	जम्मा	१२३२८७८	१०३६६५४	१९६२२४

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२५,७२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२१३,९४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,८९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५६,०९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,९६,२२४

२२.२ **विल भरपाई पेश गर्नुपर्ने:** लेखापरीक्षणको नमुना छनौटको क्रममा निकासा बमोजिमको विलभरपाई लगायतका प्रमाण पेश हुन नसकेको देहायबमोजिमको विद्यालयले पाठ्यपुस्तक खरिद विल तथा IEMIS मा कायम भएका विद्यार्थी संख्यासंग सत्यापन गराई कक्षागत रूपमा वितरण गरेको विद्यार्थी भरपाईलाई शिक्षा अधिकृतबाट प्रमाणित गरेको कागजात पेश गर्नुपर्ने रू

क्र.सं.	विद्यालयकोनाम	रकम
१	आ.वि.भेडियाही	३०८३००
२	प्रा.वि.नमनगरा	२२६८७३
३	मा.वि.जिङ्गडवा	३७०९१४
जम्मा		९०६०८७

प्रमाण पेश नगरेको	९,०६,०८७

२३ **चाडपर्व खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३४,३८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३४,३८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३२,५७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२४ **औषधी खरिद**

पालिकाले निम्नानुसार आधारभूत तथा आकस्मिक सेवाको औषधी खरिदका लागि सिलबन्दी दरभाउपत्र र सोझै खरिद गरी निम्नानुसार फर्महरुलाई रु.३२,५९,९८७।- मा सम्झौता गरेको पाईयो । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

सि.न.	**गो. भौ. नं र मिति**	**पार्टीको नाम**	**भुक्तानी रकम**
१	१८-२०८१।०७।०४	मानसरोबर मेडिहेल्थ	१५२४८६०
२	४०६।०८१।१२।१७	इलाईट मेडिहेल्थ कन्सर्न प्रा.लि.	९५२१७०
३	५५४।०८२।३।३	तारा मेडिलिंक प्रा.लि.	७८०९५७
जम्मा			३२५९९८७

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, कतिपय औषधिमा निशुल्क वितरणको लोगो समेत नभएको देखिएको छ ।

• औषधि भण्डारण गर्दा सामानको ब्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

पालिकाबाट औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२५ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **दोहोरो भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२७ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण समेत गर्नुपर्ने व्यवस्था छ । यससम्बन्धमा देखिएका वेहोरा निम्नानुसार छन्:

• पालिकाले विद्यालयलाई निकासा दिँदा विद्यालय माग फाराम बमोजिम संख्यालाई IEMIS को कक्षागत विद्यार्थी संख्या र सो बमोजिमको वास्तविक हाजिरी रजिष्टर परिक्षामा सहभागी यर्थाथ तथ्याङ्कसंग सत्यापन गरेको छैन ।

• कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम खाजाको गुणस्तर सम्बन्धमा नियमित अनुगमन गरेको देखिएन ।

पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन गरी निकासा दिनुपर्ने तथा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म

अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा निकासा दिनुपर्नेमा IEMIS मा रजिष्ट्रेसन भएका विद्यार्थीभन्दा बढी विद्यार्थीका लागि दिवा खाजा माग भएबमोजिम निकासा दिएको देहायबमोजिमको विद्यालयमा भएको बढी निकासा फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु

क्र.सं.	विद्यालयकोनाम	भुक्तानीचरण	निकासाभएको	निकासाहुनुपर्ने	बढीनिकासा
	श्रीब्रम्हज्योति मा.वि. लौकाहा	पहिलोकिस्ता	१६९३२०	१६३१८८	६१३२
	श्री ब्रम्हज्योति मा.वि. लौकाहा	दोस्रोकिस्ता	२९२७२५	२८२१२३	१०६०२
१	श्री ब्रम्हज्योति मा.वि. लौकाहा	तेस्रोकिस्ता	१८००६०	१७३५३९	६५२१
श्री ब्रम्हज्योति मा.वि. लौकाहाको जम्मा			६४२१०५	६१८८५०	२३२५५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१४,६०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२३,२५५

२८ **अनुगमन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२९ **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २२ विद्यलायका ३९६३ विद्यार्थीलाई रु. १५८५२००.०० निकासा दिएकोमा ४ विद्यालयका ११२३ विद्यार्थीलाई वितरण गरेको छात्रवृत्ति विल भरपाईहरू पेश गरेकोमा लेखापरीक्षण अवधिसम्म १८ विद्यालयका २८४० छात्रा तथा दलितलाई वितरण भएको कुल रू ११३६०००.०० को विल भरपाई लगायत कागजात पेश गरेको छैन । छात्रवृत्ती वितरणको तोकिएबमोजिम विल भरपाई पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	११,३६,०००

३० **नि:शुल्क सेनेटरी प्याड** (६०-2081-08-26):

पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:-

भौ नं	आपूर्तिकर्ता	परिमाण	खर्च रु (मु.अ.कर. सहित)
६०।२०८१।०८।२६	विजय मेडिसिन सप्लायर्स	३१८७२ प्याकेट रु ६३.०० (करबाहेक) का दरले	२२,६८,९६७.००

(क) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यबस्था रहेकोमा पालिकाले

२०८१ मंसिरमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(ख) कार्यविधिको दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड पालिकामा माग गरी पठाउनुपर्ने र माग भएको संख्यालाई IEMIS तथ्थांकसँग भिडाई आवश्यक हुने संख्यामा सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यवस्था रहेकोमा पालिकाले IEMIS तथ्याङ्कसंग विद्यार्थी संख्या भिडाई सोही आधारमा सेनेटरी प्याड उपलब्ध गराएको देखिएन । पालिकाले उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

(ग) कार्यविधिको दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाईमा सबै विद्यालयगरी ३२२३७ थान वितरण गरेको भरपाई पेश गरेको तथा पालिकासंग गत विगतको मौज्दात सारेको समेत नदेखिएकोले यस बर्ष खरिदभन्दा वितरण भरपाई बढी संख्यामा रहेकोले वितरण भरपाईको विवरण यथार्थ छ/छैन यकिन गर्न सकिने अवस्था रहेन ।

(घ) कार्यविधिको दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले खरिद गरेको थान मध्ये ४७५ थान पालिकामै मौज्दात रहेको विवरण पेश भएको छ । गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

३१ **प्रगति प्रतिवेदन**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६९,९९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२ **विल भरपाई पेश नभएको** (२०५-2082-03-04):

२०५-२०८२।०३।०४ पालिकाले विद्यालय व्यवस्थापन तथा संचालन अनुदान शिर्षकबाट पालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयलाई रू ११,२२,०००.०० निकासा दिएको छ । अनुदानबाट विद्यालयहरूले कार्यक्रम कार्यान्वियन पुस्तिकामा तोकिएबमोजिम विद्यालय सुधार योजना, सामाजिक परीक्षण, इन्टरनेट महसुल तथा मसलन्द लगायतका विषयमा भएको खर्चको यथार्थ विल भरपाई तथा कागजप्रमाण पेश गरेको देखिदैँन । पुस्तिकामा तोकिएबमोजिम प्रमाण पेश गरी नियमित गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	११,२२,०००

३३ **विल भरपाई वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ । पालिकाले निम्न भुक्तानी खर्च लेख्दा उक्त खर्च पुष्टि हुने विल भरपाई पेश गरेको छैन । सामुदायिक विद्यालयमा अनुदान निकासा दिइएको रकमको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा तोकिएबमोजिम भएको यर्थाथ खर्चको विलभरपाई लगायत कागजप्रमाण पेश गर्नुपर्ने रू

गो.भौ.नं.मिति	कार्यक्रम	भुक्तानी	रकम
१४९-२०८१।१२।२७	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	जिंगहवासामुदायिक अध्ययन केन्द्र	३०००००
१६०-२०८२।०१।०९	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	जामियामदिनुतस्माल, रामपुर खाप	५५००००
१६०-२०८२।०१।१०	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	जामियासलफिया मदरसा, नरकटिया	१५००००
१६०-२०८२।०१।११	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	समिमुलआलुम मदरसा रामपुर	१५००००
१६०-२०८२।०१।१२	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	श्रीअन्जुम उर्दु एकेडेमी विद्यालय तेजापाकड	१५००००
२०६-२०८२।०३।०४	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	लौकाहा सामुदायिक सिकाई केन्द्र	३०००००
११०-२०८२।०३।०९	विद्यालयशौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्री सरस्वती प्रा.वि. वसन्तपट्टी	१००००००
२७५-२०८२।०३।२५	विद्यालयशौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	ओम मा.वि.नरकटिया	२०००००
२७५-२०८२।०३।२७	विद्यालयशौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	आ.वि.भेडियाही	२०००००
२७६-२०८२।०३।२५	शैक्षिकपँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम	श्रीअन्जुम उर्दु एकेडेमी विद्यालय तेजापाकड	४५०००
जम्मा			३०४५०००

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३०,४५,०००

३४ **आनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा कार्यसम्पन्न प्रतिवेदनभन्दा घटी हुनेगरी आनुपातिक कट्टी गरेको देखियो । सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	उपभोक्ता समिति र काम	कार्य सम्पन्न रकम	भुक्तानी रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
१५८।०८१।११।२६	बोरिङ जडान उपभोक्ता समिति, परोहा- ७	१८६९८५२	१६७३५१८	१०.६८	३३७०
जम्मा					३३७०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१५,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,३७०

३५ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२क) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शीर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु.५,३४,८००।- शीर्षक फरक पारी खर्च गरेको छ । नियमावलीको व्यवस्था विपरीत शीर्षक फरक पारी खर्च लेखेको नियमसम्त देखिएन।

सि.नं.	गोश्वारा भौचर र मिति	खर्च लेख्नुपर्ने शीर्षक	खर्च लेखेको शीर्षक	रकम
१	२८५।०८१।१०।२०	धार्मिक पुजाआजा तथा तथा साँस्कृतिक मेला खर्च	गरिव विपन्न परिवारलाई आर्थिक सहयोग	८७०००
२	५३१।०८२।२।२२	डोरहाजिरीमा काम गर्नेको पारिश्रमिक	करार कर्मचारीको तलब तथा पोशाक भत्ता	१२५०००
३	१३१।०८१।१२।२०	स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारकोतलव, महगी भत्ता र पोषाक भत्ता	रात्रीकालिनसेवाका कर्मचारीको खाजा खर्च	१६१२५०
४	२३९।०८२।०३।१७	स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारकोतलव, महगी भत्ता र पोषाक भत्ता	रात्रीकालिनसेवाका कर्मचारीको खाजा खर्च	१६१५५०
जम्मा				**५३४८००**

अनियमित भएको	५,३४,८००

३६ **महशुलमा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले त्यस्तो रकम लापरबाहीपूर्ण तरिकाले खर्च हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । कार्यालयले बिजुली महशुल वापत नेपाल विद्युत प्राधिकरण, शाखा कार्यालय गौरलाई रु.१२,००,०००।- महसुल भुक्तानी गर्दा रु.१,८८,३२८।- जरिवाना भुक्तानी गरेको पाईयो । कार्यालयले महशुल समयमै प्राप्त गरी भुक्तानी गर्नुपर्नेमा ढिलोगरी भुक्तानी गरेकोले सरकारी बजेटको मितव्ययी तवरले खर्च भएको देखिएन। कार्यालयको नाममा सिर्जना हुने विभिन्न दायित्वहरु समयमै फरफारक गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

३७ **त्रिपाल खरिद**

पालिकाले प्रतिवटा रु.११८१ को दरले ४१० वटा तारपुलिन त्रिपाल (१२*१८ साईज) खरिद गरी गो.भौ.नं. ६८७।२०८२।०३।२५ बाट ओम साई जेनरल एण्ड अर्डर सप्लायर्सलाईरु.४,८४,१४८।- भुक्तानी दिनुपर्नेमा यसवर्ष रु.१,५४,२२०।- मात्र खर्च लेखेको भएतापनि निम्नानुसार वडाअध्यक्षलाई एकमुष्ट १४० वटा त्रिपाल भरपाई गराएको छ। वडाअध्यक्षले एकमुष्ट बुझेको उक्त त्रिपाल कसलाई कुन मितिमा के प्रयोजनको लागि बुझाएको हो सोको भरपाई पेश भएको छैन। कार्यालयले निम्नानुसार एकमुष्ट बुझिलिएको त्रिपाल वितरणको निर्णय र भरपाई पेश गर्नुपर्ने रु.

सि.नं.	वडाअध्यक्षको नाम	बुझिलिएको सेट	रकम
१	महेश सिंह, ३ नं वडाअध्यक्ष	५० वटा	५९०५०
२	जवाहरलाल राय यादव, ४ नं वडाअध्यक्ष	७० वटा	८२६७०
३	मो. सजीम अन्सारी, ५ नं वडाअध्यक्ष	२० वटा	२३६२०
जम्मा		**१४० वटा**	**१,६५,३४०।-**

प्रमाण पेश नगरेको	१,६५,३४०

३८ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाको हालसम्म विभिन्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.५,५४,०१,००३।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.६,५०,०००।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

गो.भौ.नं.	व्यक्ति, फर्म वाकम्पनीको नाम	पेश्कीको विवरण	फर्छ्यौटको अन्तिमम्याद	रकम
८२	नागेन्द्रप्रसाद	छठघाटव्यवस्थापन	०८/२५/२०८१	५००००
८२	महेशसिंह	छठघाटव्यवस्थापन	०८/२५/२०८१	५००००
८२	मो.कफिलअन्जुम	छठघाटव्यवस्थापन	०८/२५/२०८१	५००००
२२६	मो.अताउल्लाह	गरिवविपन्न परिवारलाई आर्थिक सहयोग	१०/२२/२०८१	१०००००
१४	समसुदिनरहमी	वडादशै तथा छठको अवसरमा शुभकामना आदान प्रदान विशेष कार्यक्रम	०७/२७/२०८१	४०००००
जम्मा				६५००००

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	६,५०,०००

३९ खर्चमा मितव्ययिता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (च) मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट खर्च नगरिएको सुनिश्चित हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार शिर्षकहरुमा खर्च गर्दा सवारी गुडेको किलोमिटर उल्लेख गरी सवारी लगबुक नराखेको, भ्रमण गर्नुको कारण र उद्धेश्य उल्लेख गरी तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन तयार नगरेको, अनुगमन समिति बनाई अनुगमन मुल्याङ्कन नगरेको तथा एउटै कार्यमा दोहोरो हुने गरी अनुगमन गरेको देखिएकोले उक्त कार्यहरु मितव्ययी तवरले सम्पादन भए नभएको यकिन गर्न सकिएन । यसवर्ष नगरपालिकाको चालुतर्फ रु.१२ करोड ७० लाख ७० हजार खर्च भएकोमा कर्मचारी तथा पदाधिकारी वैठक भत्ता, अनुगमन तथा भ्रमण खर्च, कर्मचारी प्रोत्साहन तथा ईन्धन र विविधमा भएको खर्च रु.१ करोड ९५ लाख ४४ हजार (कुल चालु खर्चको १५.३८ प्रतिशत) रहेको छ । पालिकाले सरकारी रकम खर्च गर्दा काममा दोहोरोपना नहुने गरी निश्चित मापदण्ड निर्धारण गरेर खर्च पुष्ट्याई गर्ने प्रतिवेदन, तोकिए बमोजिमको भ्रमण प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा म.ले.प फारामहरुको अवलम्बन गर्नुपर्दछ ।

सि.नं.	खर्चको शिर्षक	आर्थिक वर्षगत खर्च रकम (रु.हजारमा)		
		०७९।८०	०८०।८१	०८१।८२
जम्मा पालिका चालु खर्च		**१६७६१७**	**१६३९९१**	**१२७०७०**
१	कर्मचारी पदाधिकारी बैठक र अन्य भत्ता	२९९९	२९९४	३१९०
२	अनुगमन मुल्याङ्कन र भ्रमण खर्च	१६६५	१६२५	२१८०
३	ईन्धन पदाधिकारी र कार्यालय प्रयोजन	८५००	८३५९	८४९२
४	विविध खर्च	९७६	१४६६	२२७६
५	कर्मचारी प्रोत्साहन र फिल्ड भत्ता	२३९२	३३२८	३४०६
वैठक, भ्रमण, प्रोत्साहन, विविध र इन्धन खर्चको जम्मा		१६५३२	१७७७२	१९५४४
पालिका चालु खर्चको तुलनामा खर्च प्रतिशत		९.८६%	१०.८४%	१५.३८%

नगरपालिकाको गतवर्षको तुलनामा उल्लिखित चालुखर्च विश्लेषण गर्दा कर्मचारी पदाधिकारी बैठक र अन्य भत्ता ६.५५ प्रतिशत, अनुगमन मुल्याङ्कन र भ्रमण खर्च ३४ प्रतिशत, ईन्धन पदाधिकारी र कार्यालय प्रयोजन २ प्रतिशत, विविध खर्च ५५ प्रतिशत र कर्मचारी प्रोत्साहन र फिल्ड भत्तामा २.३४ प्रतिशतले बृद्धि भएको छ। यस्तो खर्च गर्दा नियमानुसार मितव्ययिता कायम गर्नुपर्दछ।

४० **इन्धन खर्च**

महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी लगबुक राखेर ईन्धन खर्च भुक्तानी गरेको छैन । लेखापरीक्षणको क्रममा निम्नानुसार भौचर परीक्षण गर्दा स्कारपियो, ब्याकहो लोडर, ग्रेडर, रोलर, ट्रेक्टर, एम्बुलेन्स र टिपर समेत ९ वटा चारपाँग्रे र ३३ वटा दुईपाँग्रे सवारीमा ईन्धन खर्चको भुक्तानीसँग सवारी लगबुक, (म.ले.प. फाराम नं.९०५) सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख गरी नराखेकोले ईन्धन खर्चवापत भएको रकम वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ ।

गोश्वारा भोचर र मिति	भुक्तानी पाउनेको नाम	रकम
२७।२०८१।६।२३	असलम आयल स्टोर्स	१६५६७१९.७५
४०।२०८१।०७।०९	असलम आयल स्टोर्स	५७५७४०.७४
१६८।२०८१।८।२५	असलम आयल स्टोर्स	९६५७०१
२३२।२०८१।९।२५	असलम आयल स्टोर्स	७९०८२२
३१४।२०८१।१०।३०	असलम आयल स्टोर्स	६८१६४४
३६२।२०८१।११।२६	असलम आयल स्टोर्स	८०८८३४
४०५।२०८१।१२।१७	असलम आयल स्टोर्स	८३२०००
५१८।२०८२।२।२०	असलम आयल स्टोर्स	६०५६७८
५७२।२०८२।३।९	असलम आयल स्टोर्स	५२१५२७
जम्मा		**७४३८६६६**

४१ **मेला/महोत्सव खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्यी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति जस्ता अनुत्पादक क्षेत्रमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर नगरपालिकाले यस वर्ष महोत्सव, धार्मिक पूजाआजा, सामाजिक, साँस्कृतिक मेला शीर्षकमा रु.३४,४५,१६०।- खर्च गरेको छ । पालिकाले आन्तरिक स्रोत समेतको आधारमा वितरणमुखी र प्रचारात्मक कार्यक्रममा भएको यस्तो अनुत्पादक खर्च कटौती गरी स्थानीय स्तरमा रोजगारी सिर्जना तथा गरिबी निवारणमा सरकारी स्रोतसाधनको महत्तम उपयोग हुने गरी खर्च गर्नुपर्दछ ।

गो.भौ.नं र मिति	भुक्तानी पाउनेको नाम	रकम	प्रयोजन
७४।०८१।७।१४	मो. सजिम अन्सारी	४२१००	महम्मद जयन्ती कार्यक्रम गर्न
११६।०८१।७।३०	शिब पार्वती मेला समिति, परोहा-९	१२५०००	शिव पार्वती मेला व्यवस्थापन खर्च
१२८।०८१।८।७	कृष्णाकान्त कँडेल	३९५००	छठ व्यवस्थापन खर्च
१३३।०८१।८।९	मेला व्यवस्थापन समिति, परोहा-८	३०००००	कबरिया मेला व्यवस्थापन खर्च
१३७।०८१।८।११	बोलबम कबरिया मेला समिति, परोहा-४	११००००	बोलबम कबरिया मेला खर्च
२३७।०८१।९।२८	श्री कृष्णजन्माष्टमी मेला समिति, परोहा-५	३७५०००	महाशिवरात्री मेला खर्च
२६८।०८१।१०।८	जन्माष्टमी महाविरी झण्डा मेला समिति, परोहा-४	४०००००	महाशिवरात्री मेला खर्च
२८५।०८१।१०।२०	विभिन्न विद्यालय	१५७०००	सरस्वती पूजा कार्यक्रम
३७७।०८१।११।२७	राम विनय पटेल	४००००	सोमबारी मेला व्यवस्थापन
३७९।०८१।११।२८	गणपति ट्रेडर्स, नन्दनी मिष्ठान्न भण्डार र सिता किराना पसल	२३७७८०	होली मिलन कार्यक्रम खर्च
३८७।०८१।१२।६	मो. रिजवान अन्सारी	६३०००	इसलाह मासरा तालिम
३९८।०८१।१२।१४	जोगेन्द्र राउत कुर्मी	१०००००	होली पर्वमा शुभकामना कार्यक्रम, वडा नं ९
४०३।०८१।१२।१५	रामाशंकर साह	३५०००	शिवरात्री मेला खर्च
४१९।०८१।१२।२१	साजन होटल	९७७८०	होली पर्वमा शुभकामना कार्यक्रम, वडा नं७
४२६।०८१।१२।२५	दिनकर राउत कुर्मी	१५००००	होली पर्वमा शुभकामना कार्यक्रम, वडा नं ३
४३१।०८१।१२।२७	गान्धी राउत कुर्मी	१०००००	होली पर्वमा शुभकामना कार्यक्रम, वडा नं ६
५२०।०८२।२।२०	महाशिवरात्री मेला तथा दुर्गा पूजा समिति	३५३०००	मेला तथा दुर्गा पूजा, वडा नं ३
५५०।०८२।३।३	ओम विष्णु महायज्ञ समिति	२०००००	महायज्ञ खर्च, वडा नं ८
५६३।०८२।३।५	दुर्गा पूजा समिति, वडा नं ७ र ८	१२००००	दुर्गा पूजा खर्च
५७०।०८२।३।९	वडाअध्यक्ष १,२,४ र ५	२०००००	छठघाट व्यवस्थापन खर्च
१२३।०८१।१०।१०	रामजानकी मठ समिति, परोहा १ र २	२०००००	विष्णुमहायज्ञ खर्च
जम्मा		**३४४५१६०**	

४२ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग, चाडपर्व र विविध जस्ता शिर्षकबाट दलित, एकल, असहाय र विधवा महिलाहरुलाई १८१९ वटा सुतीको साडीसेट, ३०० वटा त्रिपाल र ४५ वटा साईकल खरिद गरी यो वर्ष

रु.३५,५९,४७२।- भुक्तानी दिएको छ। त्यसैगरी गतवर्ष साडी लगायत विभिन्न पोशाक वितरणमा रु.२७,४८,५९२।- भुक्तानी दिएकोमा यस्तो वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ भनि औल्याईएकोमा स्थिति यथावत रहेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । वास्तविकता र आवश्यकतामा आधारित कार्यक्रम खर्च गरी पारदर्शी तवरले समुदायको लागत सहभागिता समेत सुनिश्चित गरेर वितरणमुखी कार्य गर्नुपर्ने रु.

गोश्वारा भौचर र मिति	**सामग्रीको नाम**	**खरिद परिमाण**	**दर**	**रकम**
४२२।०८१।१२।२५	सुतीको साडी	१८१९ पिस	९८०	२०१४३६१
	पोपलिन कपडा	३८३८ मिटर	१३५	५५४९७७
	रुबिया कपडा	१४५५ मिटर	१४०	२३०१८१
१४७।२०८१।८।१७	HDP Fabric Tripal	३०० वटा	१०२०	३४५७८०
१७८।०८१।९।३ (पूँ)	साईकल खरिद (कार्यपालिका र वडासदस्यको लागि)	४५ वटा	८१४५	४१४१७३

अनियमित भएको	२७,९९,५१९

४३ बिल भरपाई नभएको

४३.१ **भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले प्रतिसेट रु.३३,२८९।८० को दरले १५ वटा क्रिकेट किट खरिद गरी गो.भौ.नं. ४७०।२०८२।०१।२८ बाट श्री स्टेशनरी स्टोर्स, गौरलाई रु.४,९९,३४६।- भुक्तानी दिई निम्नानुसार वडाअध्यक्ष र वडासचिवलाई एकमुष्ट भरपाई गराएको छ। वडाअध्यक्षले एकमुष्ट बुझेको उक्त क्रिकेट सेट कुन खेलाडीलाई कुन मितिमा बुझाएको हो सोको भरपाई पेश भएको छैन । अतः सामान एकमुष्ट बुझिलिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त क्रिकेट किट सेट सम्बन्धित खेलाडी लाई बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

सि.नं.	**वडाअध्यक्षको नाम**	**बुझिलिएको सेट**	**रकम**
१	महेश सिंह, ३ नं वडाअध्यक्ष	३ किट	९९८६९
२	उमाशंकर यादव, ६ नं वडासचिव	३ किट	९९८६९
३	मो. सजीम अन्सारी, ५ नं वडाअध्यक्ष	२ किट	६६५८०
४	जयकिशोर महतो, ७ नं वडासचिव	३ किट	९९८६९
५	लालकिसन पटेल, ९ नं वडासचिव	३ किट	९९८६९
६	प्रिन्स गिरी, ८ नं वडा, क.अपरेटर	१ किट	३३२९०
जम्मा		**१५ किट**	**४,९९,३४६।-**

प्रमाण पेश नगरेको	४,९९,३४६

४३.२ बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रु **२,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ कार्यालयको भवन निर्माण: (PAROHA/MUN/NCB/BLD/01/078/79)

यस पालिकाले कार्यालय भवन निर्माणको लागि ब्राइट-काष्ठमण्डप-काली जे.भि. संग २०८१ अषाढ ६ गते सम्म (२४ महिना) मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९ अषाढ ७ गते मा कवोल रकम रु. १२,४७,१७,११६.६५ (मू.अ. कर सहित) मा खरिद सम्झौता भएको छ । उक्त निर्माण कार्यको छैठौ रनिङ्क वील सम्म रु. ८,२३,९२,१७२.०२ अर्थात ६६.०६ प्रतिशत वित्तीय प्रगती र ६५ प्रतिशत भौतिक प्रगति मात्र गरेको देखिन्छ । उक्त निर्माण कार्यको ठेक्काको अवधि ९०.४७ प्रतिशत व्यतीत हुंदा भौतिक प्रगति प्रतिशत मात्र ६५ भएकोले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने अवस्था देखिदैन । तसर्थ समयमै कार्य सम्पन्न गर्न नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई एवं बजेटको सुनिश्चतता नगरी खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । स्थानीयहरुको जग्गा विवाद, निर्माण कार्य गर्नुपर्ने स्थल परिवर्तन, संघ र प्रदेशको निर्वाचन एवं बाढी लगायतको कारणले २०८१।३।१७ सम्म र सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रो संशोधनले दोश्रो पटक २०८२।९।३० सम्म म्याद थप गरेको देखियो । बजेट अभावको कारणले निर्माण व्यवसायीलाई विल भुक्तानीमा समस्या भएको र नगरपालिकाले बजेट माग गर्दा समेत स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त हुन नसकेको छलफलमा जवाफ प्राप्त भएको छ । तसर्थ संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निर्माण भएकोमा स्रोतको सुनिश्चतता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्न सम्बन्धित मन्त्रालयले समेत बजेट व्यवस्थापन गरी गराई एवं खरिद सम्झौताको नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

४४.२ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यसठेक्कामा निर्माण व्यवसायीले जारी गरेको बिल र प्राविधिक बिलकामको मूल्याङ्कनमा फरक परिमाण र रकम उल्लेख भएको देखिन्छ । प्राविधिक बिलबरावर नैठेक्का बिलहरुहुनपर्नेमा निर्माणव्यवसायले जारी गरेको बिल मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको ठेकेदारको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

निर्माणव्यवसायीले जारी गरेको बिल			**प्राविधिक बिल कामको मूल्याङ्कनमा फरक**		
विजकनं	**विजकजारी मिति**	**रकम**	**प्राविधिकबिल**	**रकम**	**कैफियत**
2	2080-09-25	3,491,789.27	1 st bill	3,491,789.27	**गो.भौ.नं.५ र मिति२०८०।९।२६**
3	2081-03-16	2,000,000.00	2nd bill	2,138,784.90	**गो.भौ.नं. १ र मिति२०८१।३।१८**
1	2081-06-21	10,000,000.00	3rd bill	23,927,371.40	**गो.भौ.नं.३ र मिति२०८१।६।२२**
2	2081-08-28	15,000,000.00	4th bill	15,110,231.41	**गो.भौ.नं.१ र मिति २०८१।८।२८**
3	2082-01-22	1,000,000.00	5th bill	1,019,523.86	**गो.भौ.नं.१८७ र मिति२०८२।१।२२**
4	2082-03-23	20,800,000.00	6th bill	27,528,469.18	**गो.भौ.नं.८ र मिति२०८२।३।२४**
	जम्मा	52,291,789.27		73,216,170.02	

४५ महिला लक्षित वातावरणमैत्री धुवाँ रहित भान्सा निर्माण

नगरपालिका भित्र अधिकाशं गरिब, विपन्न, दलित, पिछडा वर्ग बसोबास गरेको र उनीहरुले दाउरा, पराल, गोबर गुइडा लगायतका स्थानीय सामग्री प्रयोग गरी खाना पकाउँदा स्वास्थ्यमा नकारात्मक असर परि दीर्घरोगी हुने खतरा रहेकोले त्यस्तो वर्गलाई लक्षित गरी

वातावरणमैत्री ग्याँस चुलो खरिद वितरण गर्ने उद्देश्यले चुलो सेट, ग्यास र सिलिण्डर खरिद गरी नगरपालिकाका ३ वटा वडा १, २ र ३ का सम्पूर्ण घरधुरीलाई वितरण गर्न अनुमानित परिमाण ९८८६ सेट (चुलो सेट, सिलिण्डर ग्यास) वितरण गर्न रु. ३ करोड ७५ लाख ९८ लाखको बजेट तथा लागत अनुमान गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्न सूचना प्रकाशन भएकोमा पर्न आएको २ थान मध्ये सबैभन्दा घटिवाला एम मुनिल सप्लायर्स, कलैया बारा को रु. ३,३३,७८,५१८ मू.अ. कर सहितको बोलपत्र मिति २०८१।७।५ को बोलपत्र मूल्यांकन समितिको सिफारिश अनुसार बोलपत्र स्वीकृत गरेको देखिन्छ ।पालिकाले भौ.न. ४ मिति २०८१।९।२४ मा परिमाण ९८८६ सेट (चुलो सेट, सिलिण्डर र ग्याससमेत) को एम मुनिल सप्लायर्सलाई रु. २,५४,९६,८२४। भुक्तानी गरेको देखियो । सो सम्बन्धमा देखिएको व्यहोराहरु निम्न छनः

४५.१ **धरौटी:** सिलण्डर, ग्याँस र चुलो सेट खरिदको लागि आपूर्तिकर्ता एम. मुनिल सप्लायर्स, कलैया बारालाई सम्झौता बमोजिम सिलिण्डर परिमाण ६४७१ थान मध्ये ४९४३ थान सिलिण्डरको रु.२३२३ का दरले हुने रु. १,१४,८२,५८९ को मू. अ. कर विल विजक जारी नगरी सिलिण्डर धरौटी रसिदमा धरौटी रकम प्राप्त गरेको उल्लेख गरी रसिद भर्पाइ दिएको देखिन्छ । उक्त धरौटी रकम कार्यालयले आपूर्तकलाई भुक्तानी गरेकोमा पेश भएको मू.अ. कर विजकमा धरौटी वापतको रकम उल्लेख गरेको देखिएन । कार्यालयबाट भुक्तानी गरेको धरौटी वापतको रकमको व्यावसायिक कारोबार सम्बन्धमा पालिकाले भुक्तानीको विवरण सहितको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने एवं पालिकाले सिलिण्डर धरौटीको नाम नामेसी सहितको अभिलेख राख्नुपर्ने र सिलिण्डर बुझिलिनेले फिर्ता गरेमा धरौटी वापतको रकम सप्लायरसंग फिर्ता लिने गरी सिलिण्डर धरौटीको अभिलेख पालिकाले राखेको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

४५.२ **बीमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम ४ मा मालसामान खरिदमा मूल्यको कम्तिमा ११५ प्रतिशत रकम बरावरको युद्ध, हडताल आगजनी समेतको सबै जोखिम व्यहोर्ने गरी बीमा गराउनुपर्ने उल्लेख छ । त्यस्तै खरिद सम्झौताको General Condition Of Contract (GCC 23.1) मा विमाको Coverage सम्झौता रकमको ११५ प्रतिशत हुने र सबै जोखिम बहन गरेको हुनुपर्ने व्यवस्था गरेकोमा बिमा कभरेज गरेको प्रमाण कागजात पेश भएको छैन । तसर्थ बीमाको कागज प्रमाण प्राप्त गरि पेश गर्नुपर्दछ ।

४६ कृषि उपज संकलन केन्द्र भवन निर्माण (PMR/SAM/NCB/Bid/01/079/80)

यस पालिकाले कृषि उपज संकलन केन्द्र भवन निर्माणको लागि चण्डी देवी निर्माण सेवा (६०१९८००३१) संग सम्झौता मितिले २ महिना अर्थात २०८२ जेठ ३० गते सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी कवोल रकम रु. ३,४५,२४,८९२.८३ (मू.अ. कर सहित)मिति २०८० अषाढ १ मा खरिद सम्झौता भएको छ । उक्त निर्माण कार्यको हालसम्म पहिलो रनिङ्ग वीलको रु. २,४५,३५,१३३ भुक्तानी भइ ७१.०६ प्रतिशत वित्तीय प्रगती र ३५.०५ प्रतिशत भौतिक प्रगति मात्र गरेको देखिन्छ । तसर्थ समयमै कार्य सम्पन्न गर्न नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

४७ परोहा अस्पताल निर्माण: (Paroha/MUN/NCB/HOSPITAL/BLDG/01/077/078)

एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका वडा नं. ४ मा १० शैया अस्पताल निर्माणको लागि निर्माण व्यवसायी रसुवा-आश्रय-शाह जे.भि. संग रु. १३,०६,१०,४२७.०४ मा २०८०।३।१७ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।३।१८ मा खरिद सम्झौता गरेको देखिन्छ । उक्त निर्माण कार्यमा गत वर्ष सम्म रु. ३,३०,८४,०८०.७२ र यस वर्ष चौथो,पाचौ छठौ र सातौ रनिङ विल वापत रु. ३,९३,९४,६००.१५ समेत हालसम्म रु. ७,२४,७८,६८०.८७ खर्च गरी ५५.४९ प्रतिशत वित्तीय प्रगति गरेको देखियो । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

४७.१ **म्याद थप सम्बन्धमा :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई एवं बजेटको सुनिश्चतता नगरी खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । स्थानियहरुको जग्गा विवाद, निर्माण कार्य गर्नुपर्ने स्थल परिवर्तन, संघ र प्रदेशको निर्वाचन, बाढी लगायतको कारणले २०८१।३।१७ सम्म र सार्वजनिक खरिद नियमावली, २०६४ को तेह्रो संशोधनले

दोश्रो पटक २०८३।३।१७ सम्म म्याद थप गरेको देखियो । बजेट अभावको कारणले निर्माण व्यवसायीलाई विल भुक्तानीमा समस्या भएको र नगरपालिकाले बजेट माग गर्दा समेत स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त हुन नसकेको छलफलमा जवाफ प्राप्त भएको छ । तसर्थ संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निर्माण भएकोमा स्रोतको सुनिश्चतता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्न सम्बन्धित मन्त्रालयले समेत बजेट व्यवस्थापन गरी गराई एवं खरिद सम्झौताको नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

४७.२ **मूल्य समायोजनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ को उपदफा २ मा एकमुष्ठ कार्यसम्पादन (लम्पसम्प कन्ट्रयाक्ट) वा निस्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । यस निर्माणको लागि निर्माण व्यवसायी रसुवा-आश्रय-शाह जे.भि.सग खरिद सम्झौता को SCC मा वुदा नं 53.1 contract is not subject to price adjustment शर्त उल्लेख छ। उक्त खरिद सम्झौताको मूल्य समायोजन दिन नमिल्ने शर्त विपरीत निर्माण कार्यमा पहिलो रनिङ्ग देखि सातौ रनिङ्ग वील हालसम्म रु. ९८,६१,४०६ मूल्य समायोजन भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९८,६१,४०६

४८ **परोहा Health post building ward no.2,4 & 7निर्माण:(ठेक्का नं PAROHA/MUN/NCB/SASART Health /BLD/09/81/82 एशियन कन्स्ट्रकसन)**

४८.१ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका वडा नं.२,४ र ७ मा अस्पताल निर्माणको लागिनिर्माण व्यवसायीएशियन कन्स्ट्रकसन संग कवोल रकम रु. १,०१,८२,५३९.६७ मा २०८२।१०।२९ सम्ममा काम सम्पन्न गर्ने गरि २०८२।१।२६ मा खरिद सम्झौता गरेको देखिन्छ । उक्त निर्माण कार्यमा यस वर्ष प्रथम र दोस्रो रनिङ विल समेत हालसम्म रु ८७,९७,५३६.१४. खर्च गरी ८६.३९ प्रतिशत वित्तीय प्रगति गरेको देखियो तसर्थ निर्धारित समयमै कार्य सम्पन्न गर्न एवं खरिद सम्झौताको नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

४८.२ **बढी भुक्तानीः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त निर्माण कार्यको एशियन कन्स्ट्रकसनलाइ **BOQ** परीमाणभन्दा नापी किताव परीमाणमा बढी उल्लेख गरी बढीभुक्तानी गरेकोले उक्त निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

आइटम नाम	**BOQ परीमाण**	**नापी किताव परीमाण**	**दर**	**भुक्तानी हुनुपर्ने रकम**	**भुक्तानी भएको रकम**	**बढीभुक्तानी**
Steel reinforcement	4858. 14kg	5671.60 Kg	155	753011.7	879098	126087
Pcc m2 grade concrete	४१. ४६	४७.५m3	१८५००	७६७०१०	८७८७५०	१११७४०
जम्मा						२३७८२७

असुल गर्नुपर्ने	२,३७,८२७

४९ **पोखरिया मल्हानिया झोलुङ्गे पुल**

४९.१ **म्याद थप सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यसायीले संशोधित कार्यतालिका सहित म्याद थपको लागि निवेदन दिनुपर्ने र कार्यालयले कारण मनासिब भएमा म्याद थप गर्न सक्ने उल्लेख छ । कार्यलयले कोभिड-१९, लकडाउन तथा बाढी जस्ता कारणले पहिलो पटक र बजेटको अभाव, स्थानीय निर्वाचन आदि कारणले कार्यपालिकाको मिति २०८०।१२।२१ को निर्णयले २०८२ असोज

मसान्त सम्मको म्याद थप गरेको देखिन्छ । थप भएको अवधिमा समेत कार्य सम्पन्न गरेको छैन ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यन्वयनको लागि सार्वजनिक निकायले कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, कार्ययोजना अनुसार सम्झौता कार्यान्वियनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने उल्लेख छ । पालिकाले खरिद नियमावली अनुसार संशोधित कार्यतालिका माग गरी निर्माण कार्यको गुणस्तर मूल्यांकन गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

४९.२ उक्त झोलुङ्गे पुल निर्माणको लागि निर्माण व्यवसायी सृजना/स्वर्णिमा अंशुमान जे.भी. संग २०७८ पौष २२ गते सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी रु. २,८८,१५,००० मू.अ. कर सहित खरिद सम्झौता भएको छ ।उक्त निर्माण कार्यमा पांचौ रनिङ विल समेत हालसम्म रु. २,४१,४६,०३० खर्च गरी ८२.९८ प्रतिशत वित्तीय प्रगति गरेको देखियो तसर्थ निर्धारित समयमै कार्य सम्पन्न गर्न एवं खरिद सम्झौताको नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

५० पूँजीगतमा चालु प्रकृतिको खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यक्रम तयार गरेर पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने गतवर्षको भुक्तानी बाँकी, स्टेशनरी, वैठक भत्ता, करार तथा ज्यालादारी कर्मचारीको पारिश्रमिक र पानी तथा बिजुलीको महशुल भुक्तानी आदि खर्चलाई पूँजीगत कार्यक्रममा समावेश गरी निम्नानुसार रु. ५९,२१,७६३।- भुक्तानी गरेको देखियो ।

क्र सं	गो.भौ.नं र मिति	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	९।०८१।६।२२	९ वटै वडाअध्यक्षहरु	वडाभेलाको वक्यौता भुक्तानी	१७६९७५
२	१०।०८१।६।२२	९ वटै वडाअध्यक्षहरु	वडा सञ्चालन खर्च	६९४९४०
३	११।०८१।६।२२	नन्दनी मिष्ठान्न भण्डार समेत ४ जना	विभिन्न चालु बीरभरपाई	१०५०८५
४	१३।०८१।६।२२	पुनम सिंह समेत २ जना	पानी तथा विजुली	११४२५४
५	१४।०८१।६।२२	कार्यपालिका र वडासदस्य, ३९ जना	मोबाईल खरिद र वितरण(प्रतिसेट मुल्य १३०००)	५७२९१०
६	१६।०८१।६।२२	एकुवा नेपाल समेत २ जना	पानी तथा विजुली	११७४५०
७	१७।०८१।६।२३	मो. महफुज अहमद समेत ४ जना	परिषद् तयारी भत्ता	१५६८३८
८	१२।०८१।६।२२	१२ जना सुपरभाईजर तथा हेरालु	सुपरभाईजर तथा हेरालुको पारिश्रमिक	६९७०००
९	३३।०८१।७।७	विभिन्न २० विद्यालय	परिक्षा सञ्चालन खर्च	२७४९३६
१०	३४।०८१।७।७	७९ जनाको वैठक भत्ता	स्प्रीनिङ क्याम्प सञ्चालन	१२९८००
११	३५।०८१।७।७	श्री पशुपतिनाथ आयुर्वेद	आयुर्वेद औषधी खरिद	६५२७५
१२	४१।०८१।७।८	जयमातादि सोनाक्षी समेत ४	नागेश्वर धाममन्दिर खर्च	१७१०४४
१३	४३।०८१।७।८	नाजाविन खातुन समेत ५	अध्ययन अध्यापन खर्च	११८७५०
१४	४९।०८१।७।९	शेख वकिल समेत ११ जना	गत वर्षको वैठक भत्ता	६१८००
१५	५४।०८१।७।११	छविलाल मालिसमेत २ जना	सरसफाई शुल्क भुक्तानी	६७५००
१६	६३।०८१।७।१४	सारदा ट्रेडिङ कन्सर्न	वडा नं ३ को सञ्चालन खर्च	३३९०५६
१७	६५।०८१।७।१४	राधाकृष्ण ट्रेडर्स एण्ड सप्लायर्स	वडा नं. ५ को सञ्चालन खर्च	९४५४४५
१८	९१।०८१।८।११	जनता टेण्ट हाउस	धार्मिक पुजाआजा खर्च	१२००००
१९	१३९।८१।११।४	श्रीकृष्ण ट्रेड एण्ड सप्लायर्स	स्टेशनरी खरिद	९९२७०५
		जम्मा		५९२१७६३

पालिकाले पूँजीको निर्माण एवम् उपयोगिता सिर्जना हुने योजना छनौट तथा कार्यक्रम तयार गरेर पूँजीगत शीर्षकमा समावेश गरी पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५१ लागत अनुमान र सोझै खरिद

५१.१ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैयाँभन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार गाडीहरुको मर्मत, मसलन्द तथा कार्यालय सामग्री र खेलकुद तथा परीक्षा सञ्चालन सामग्री खरिद गरेकोमा लागत अनुमान तयार तथा स्वीकृत नगरी सोझै प्रस्ताव मार्फत रु.९७,४४,७५६।- सामग्री खरिद गरी भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद ऐनअनुसार लागत अनुमान तयार तथा स्वीकृत गरी खरिद गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	**कामको विवरण**	**पार्टीको नाम**	**रकम**
१०८।०८१।७।२७	गाडीहरुको मर्मत कार्य	विकास अटो पार्टस एण्ड मेशिनरी	१००००००
१०५।०८१।७।२६	खेलकुद सामग्री खरिद	श्री स्टेशनरी स्टोर्स	९६५४०४
११०।०८१।७।२७	मसलन्द तथा कार्यालय सामग्री	शंकर प्रेस	९९७४२२
३४१।०८१।११।९	परीक्षा सञ्चालन सामग्री खरिद	शंकर प्रेस	९९९४२२
३४५।०८१।११।९	मसलन्द तथा कार्यालय सामग्री	श्री स्टेशनरी स्टोर्स	९९७४२२
५४५।०८२।२।२७	परीक्षा सञ्चालन सामग्री खरिद	श्री स्टेशनरी स्टोर्स	९९९७६७
५८३।०८२।३।११	मसलन्द तथा कार्यालय सामग्री	द्वारिका ट्रेडर्स एण्ड जनरल सप्लायर्स	९९८८७४
६६८।०८२।३।२५	गाडीहरुको मर्मत कार्य	नेशनल स्पेयर्स एण्ड जनरल स्टोर्स	४०५५०२
५०।०८१।७।९ (पूँ)	मसलन्द तथा कार्यालय सामग्री	श्रीकृष्ण ट्रेड एण्ड सप्लायर्स	९९२७०५
५०।०८१।७।९ (पूँ)	मसलन्द तथा कार्यालय सामग्री	मा अम्बे वाच एण्ड जनरल स्टोर्स	४११९४१
५२।०८१।७।९ (पूँ)	गाडीहरुको मर्मत कार्य	विकास अटो पार्टस एण्ड मेशिनरी	९७६२९७
जम्मा			**९७४४७५६**

५१.२ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा दश लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, दश लाखभन्दा माथि बीस लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । लेखापरीक्षणमा नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष चालु र पूँजीगततर्फ विभिन्न ५ पार्टीहरुबाट मसलन्द तथा कार्यालय सामग्री रु.४३,९८,३६४।- मा खरिद गरेकोमा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै गरेको देखियो । खरिद ऐन नियमावली बमोजिम प्याकेज बनाई खरिद गर्न सकिने सामग्री तथा सेवा टुक्रा पारी खरिद गरेको अनियमित भएको रु.

गो.भौ.नं. र मिति	कामको विवरण	पार्टीको नाम	रकम
११०।०८१।७।२७	मसलन्द तथा कार्यालय सामग्री	शंकर प्रेस	९९७४२२
३४५।०८१।११।९	मसलन्द तथा कार्यालय सामग्री	श्री स्टेशनरी स्टोर्स	९९७४२२
५८३।०८२।३।११	मसलन्द तथा कार्यालय सामग्री	द्वारिका ट्रेडर्स एण्ड जनरल सप्लायर्स	९९८८७४
५०।०८१।७।९ (पूँ)	मसलन्द तथा कार्यालय सामग्री	श्रीकृष्ण ट्रेड एण्ड सप्लायर्स	९९२७०५
५०।०८१।७।९ (पूँ)	मसलन्द तथा कार्यालय सामग्री	मा अम्बे वाच एण्ड जनरल स्टोर्स	४११९४१
जम्मा			४३९८३६४

अनियमित भएको	४३,९८,३६४

५२ **गैर सरकारी संस्थाबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । पालिका कार्यालयले यसवर्ष विभिन्न कार्यक्रमहरु १३ वटा संस्था मार्फत रु.२३,३४,३६३।- मा गराएकोमा

निम्नानुसार ८ वटा गाउँपालिका आफैले कर्मचारीहरु परिचालन गरी विषयगत शाखाबाट सम्पादन गर्न सकिने कार्यक्रमहरु पनि सम्झौता गरी रु.१९,०४,५३८।- भुक्तानी गरेको पाईयो । सामान्य तथा नियमित कार्यक्रम, कर्मचारी तालिम तथा बालबालिका र सहकारी सम्बन्धी विषयगत शाखाहरुद्धारा गर्न सकिने कार्यक्रमहरु समेत गैरसरकारी संस्थामार्फत गराउँदा थप आर्थिक व्ययभार बढ्नुको साथै कार्यक्रममा दोहोरोपना समेत हुन सक्ने जोखिम रहन्छ । अतः पालिकाको आफ्नै विषयगत शाखाले गर्नुपर्ने नियमित प्रकृतिका यस्ता कार्यहरु गैर सरकारी संस्थामार्फत गराएको पाईएकोले सो कार्य नियमसम्मत नभएको रु.

गोश्वारा भौचर र मिति	कार्यक्रमको नाम	संस्थाको नाम	रकम
३९४।२०८१।१२।१४	वडा नं. १ मा तरकारी खेती कार्यक्रम	समृद्ध नेपाल, नरकटिया-९	४७५१००
५६४।०८२।३।५	वडा नं. ३ मा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम	हरित रोजगार प्रबर्द्धन केन्द्र प्रा.लि.	३२८२०६
६४१।०८२।३।२१	वडा नं. ९ मा धानबाली सम्बन्धी तालिम	वीरगंज नेपाल विजनेस कन्सल्टेन्सी	९६१०७
६६३।०८२।३।२५	वडा नं. ३ मा मकैखेती सम्बन्धी तालिम	समाज विकास अभियान	९६०००
६६५।०८२।३।२५	वडा नं. ३ मा बाँसप्रयोग सम्बन्धी तालिम	नेशनल इम्प्लोईमेन्ट डेभलपमेन्ट सेन्टर	८५७००
६७६।०८२।३।२५	वडा नं. ६ मा किसानहरुलाई नगदेवाली सम्बन्धी तालिम	लोकतान्त्रिक अपांग जिल्ला समन्वय समिति	९३६२५
६७८।०८२।३।२५	वडा नं. ६ मा तरकारी सम्बन्धी तालिम	इन्भिक्टस सोलुसन प्रा.लि., पर्सा	४७९८००
६८०।०८२।३।२५	लेमनग्रास खेती तथा प्रशोधन तालिम	सक्षम सेवा प्रा.लि., वीरगंज	२५००००
जम्मा			**१९०४५३८**

अनियमित भएको	१९,०४,५३८

५३ **गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (MEDPA)**

पालिकाले नँया उद्यमी विकास गर्न विभिन्न मितिमा सञ्चालन गरेको सिप विकास तालिम अन्तर्गत तरकारी खेती तालिम सञ्चालन गरेको छ । श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो:

५३.१ बढी दरमा भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३.२ तालिम प्रशिक्षकले विभिन्न मितिमा संचालन गरेको तालिमको कार्यपत्र पेश नगरी भुक्तानी लिएको देखिन्छ । त्यस्तै तालिम सञ्चालन गर्नका लागि आवश्यक योग्यता, अनुभव तथा पुर्ववत रूपमा लिईएको तालिमको प्रमाणपत्र तथा कागजागहरू पेश गरेको देखिएन । आवश्यक काजग प्रमाण पेश गर्नुपर्दछ ।

५३.३ कार्यक्रमको अनुगमन: कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जना सम्म खटाउन सकिने व्यवस्था रहेको छ । पालिकाले तरकारी खेति तालिममा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई निर्देशिकामा व्यवस्था भएको भन्दा बढी संख्यामा अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । तालिम कार्यक्रमको अनुगमन प्रतिवेशन पेश गर्नुपर्ने अन्यथा करबाहेक असुल गर्नुपर्ने रू

गो.भौ.नं.मिति	विवरण	अनुगमन भत्ता रकम	कैफियत
१२३-२०८१।१२।०३	तरकारी खेति तालिम	७०००	जनप्रतिनिधि/कर्मचारी
२०२-२०८२।०३।०३	तरकारी खेति तालिम	७०००	जनप्रतिनिधि/कर्मचारी
२०२-२०८२।०३।०३	तरकारी खेति तालिम	३०००	जनप्रतिनिधि
२००-२०८२।०३।०१	तरकारी खेति तालिम	३०००	जनप्रतिनिधि
जम्मा		२००००.००	

प्रमाण पेश नगरेको	१७,०००

५४ **अनुदान र लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले अनुदान माग गर्ने संस्थासँग उक्त रकम खर्च गर्ने कार्ययोजना र शीर्षकसमेत यकिन नगरी स्कुलको निवेदन र वडाअध्यक्षको सिफारिसको आधारमा निम्नानुसार १८ विद्यालय तथा संस्थालाई संस्थागत अनुदान शीर्षकमा खर्च लेखेकोमा खर्च प्रमाणित गर्ने बिल, भरपाई र कार्यसम्पन्न प्रतिवेदन स्रेस्तासँग संलग्न रहेको पाईएन । तसर्थ नगरपालिकाले उपरोक्तानुसार विद्यालयहरुलाई दिईएको अनुदान रकम खर्च भएको देखिने प्रमाणित बिल, भरपाई, जिन्सी दाखिला प्रतिवेदन र अनुदान रकम आम्दानी र खर्च गरेको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

क्र.सं.	गो.भौ.नं. र मिति	विद्यालयको नाम	रकम
१	३८।०८१।७।७	मदरसा अल जामिया दावतुल तौहिद वल सुन्नह	२०००००
२	१२२।०८१।८।४	कब्रिस्तान ईदगाह मस्जिद व्यवस्थापन समिति	१०००००
३	१५०।०८१।८।१८	जिंगडवा उर्दु विद्यालय	१४४०००
४	१७३।०८१।८।२५	श्री मिल्लत प्रा.वि., पोखरीया	१०००००
५	१८८।०८१।९।२	श्री अकबर प्रा.वि. जिंगडवा	१०००००
६		श्री अनहोती लाल मा.वि. (शैक्षिक भ्रमण अनुदान)	१६४०००
७		श्री ब्रह्मज्योती मा.वि. (शैक्षिक भ्रमण अनुदान)	१११०००
८		श्री ओम मा.वि. (शैक्षिक भ्रमण अनुदान)	९६०००
९		श्री मा.वि. पोखरिया, तेजापाकड	६४०००
१०		श्री मा.वि. जिंगडवा	५००००
११	२२८।०८१।९।१९	श्री जनता मा.वि. रामपुरखाप	८००००
१२	३६७।०८१।११।२६	लौकाहा खानेपानी तथा सरसफाई उपभोक्ता समिति	१०००००
१३	३७८।०८१।११।२८	श्री अकबर प्रा.वि. जिंगडवा	२०००००
१४	३९९।०८१।१२।१४	श्री माध्यमिक विद्यालय, जिंगडवा	१०००००
१५		श्री अकबर प्रा.वि. जिंगडवा	५००००
१६	४३८।०८१।१२।३१	श्री आधारभुत विद्यालय, भेडियाही	५००००
१७		जामिया मदिना तुस्लाम, रामपुरखाप	५००००
१८		जामिया सल्फिया मदरसा	५००००
१९		श्री माध्यमिक विद्यालय, जिंगडवा	१०००००
२०	५४२।०८२।२।३	श्री माध्यमिक विद्यालय, पोखरिया तेजापाकड	१०००००
२१	१३४।०८१।१०।२९ (पूँ)	नेपाल फर्टिलिटी केयर सेन्टर, सानेपा	१०००००
२२	१९२।०८२।१।२६ (पूँ)	श्री भगवान प्रा.वि., परोहा ३	२०००००
जम्मा			२३०९०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२३,०९,०००

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत रु. ५७१९८४५.०० रकम खर्च भएको छ । यससम्बन्धमा देखिएका वेहोरा निम्न छन्:

क) पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

ख) यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ५३ जनालाई औसत ८४ दिनले रोजगारी उपलव्ध गराई रु. २९,७१,९३२.०० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना हुनेगरी खर्च गर्नुपर्दछ ।

ग) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन ।

घ) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बीमा गरी खटाउनुपर्ने र सो बीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्नुपर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले सोको कार्यान्वयन गरेको छैन । निर्देशिकामा तोकिएबमोजिम व्यवस्थाको पालनागरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५६ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	**परामर्शदाता**	**खर्च रकम**	**कार्यान्वियन अवस्था**
नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण	सारथी अनुसन्धान तथा विकास प्रा.लि.	४९१८८९	कार्यान्वियनको चरणमा रहेको
ब्रह्मज्योती मा.वि. र परोहा-४ मा वर्थिङ सेन्टर निर्माणको लागि डिजाईन, ड्रईङ र लागत अनुमान तयार	भेक्टर इन्जिनियरिङ सर्विसेज प्रा.लि.	१४७४०००	कार्यान्वियन नभएको
परोहा-४ मा कोल्डस्टोर निर्माणको लागि डि.पी. आर निर्माण	युनिक इन्जिनियरिङ कन्सल्टेन्सी	९०४०००	कार्यान्वियन नभएको
जम्मा:		**२८६९८८९**	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दानर्म्स स्वीकृतनभएको तथा विज्ञहरूको दररेट निर्धारण गर्ने आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

- कार्यालय र सारथी अनुसन्धान तथा विकास प्रा.लि. बीच मिति २०८१।५।६ मा भएको सम्झौताअनुसार मंसिर मसान्तभित्र दोस्रो पक्षले संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन पालिकामा पेश गर्ने उल्लेख छ । तर लेखापरीक्षणको क्रममा पेश भएको उक्त प्रतिवेदन कार्यालयमा पेश भएको र दर्ता भएको मिति नरहेको, उक्त प्रतिवेदन नगरसभाबाट पारित गरी तालुक निकायमा कर्मचारीको पददर्ताको लागि नपठाएको साथै जिन्सी दाखिला समेत गरेको देखिएन । आवश्यकता पहिचान नगरी परामर्शमा खर्च गर्ने र कार्यान्वियन नगर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- लागत अनुमान रु.७,३३,६५,९५१।- रहेको ब्रह्मज्योती मा.वि. र लागत अनुमान रु.१३,१८,८९,६८५।- रहेको परोहा-४ मा वर्थिङ सेन्टर निर्माणको लागि डिजाईन, ड्रईङ र लागत अनुमान तयार गरेकोमा आर्थिक वर्ष २०८२।८३ मा उक्त योजना

कार्यान्वियनको लागि पालिकाबाट बजेट विनियोजन भएको छैन भने स्कुल निर्माणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयबाट अनुदानको लागि भारतीय राजदुतावासलाई अनुरोध भएको पालिकाको भनाई रहेको छ । बजेट व्यवस्थापन गरी उक्त योजनाहरु कार्यान्वियन गरिनु पर्दछ ।

५७ **समायोजन ग्रेड**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४१,६४१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५८ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत बर्षको ४०० सेट झोला मौज्दातमा देखिएको तथा पालिका अन्तर्गतका तीन बर्थिङ सेन्टरका लागि गत वर्ष १०८० थान र यस वर्ष ७०० थान (खरिद मुल्य भ्याटसमेत रु. ६२६४७२.००) समेत कुल २१८० सेट खरिद गरेकोमा गत वर्ष ७९५ जना र यस वर्ष ७६८ जना गरी १५६३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा २८० थान न्यानो झोला मौज्दातमा देखिएकोले

बर्थिङ सेन्टरमा वितरण भएको र मौज्दातको यथार्थ संख्या यकिन हुन सकेन । त्यस्तै खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५९ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष सबै समुहका गरी ६९९३ लाभग्राहीलाई रु. १५,७०,४८,९५७.४९ खर्च गरेकोमा देखिएका वेहोराहरु निम्नानुसार छन् :

५९.१ लाभग्राहीको अभिलेखः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

५९.२ फरक विवरण : पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. १५,७०,४८,९५७.४९ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु.१५,८०,६३,३८३.०० देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक रकम रु.१०,१४,४२६।- रहेको छ । पालिकाले आई.पि.एफ.एम.एस प्रणालीमा फरक पर्नुमा लाभग्राहीको खाता नम्बर, नाम, नागरिकता नम्बर म्याच नगरेको र खाता निष्कृय भईसकेको लगायतका कारण जनाएको छ । पालिकाले दुवै प्रणालीबीच एकरुपता हुनेगरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

५९.३ बैंकसँगको हिसाबमिलान सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै बुँदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ। पालिकाले यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १५,७०,४८,९५७.४९ निकासा दिएकोमा लगतकट्टा भई रू ४७६९३५.५१ र दोहोरो नाम तथा नागरिकता भई फिर्ता भएको रु. ६५४३३७९।७८ समेत कुल रू ७०२०३१५.२९ निकासा फिर्ता गरी रु. १५,०,२८,६४२.२० सामाजिक सुरक्षा भत्ता खर्च लेखेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूमध्ये लगतकट्टा भएका देहायबमोनिम खाताहरूमा रहेको रकम फिर्ता गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू

क्र.सं.	नाम	फिर्तागर्नुपर्ने रकम रू.
१	रामानन्दप्रसाद यादव	८६७
२	राजकलीदेवि	६६५
३	राम कुमारी	३१०४
४	मतियागवारिन	१३३०
५	चुलहाईमहतो नुनिया	१२०००
६	जोगेनद्रहजरा	१३३०
७	गौरी शंकरहजरा दुसाध	१३३३०
८	मनजुर मियाजोल्हा	२०००
९	शिवकलीयादवनी	१२४८९७
१०	जमिलासेखिन	२४५४२
११	जुमनीधोविन	४६७५
१२	राम विलाससाह कानु	१५३२५
१३	जमिरि राउतकुर्मी	११८६७
१४	खेलवन राउतगोवार	४४०९
१५	शेख ओनुल	५३२
१६	भेरखि राउतकुर्मी	१५९६
१७	सुरेनद्रसिह राजपुत	१४०००
१८	फुलझरीदेवी	२३९४
१९	नेक महमद	१९३३५
२०	सविराअँसारी	१३५९६
२१	रामसकलराउत बरै	१२०००
२२	दिपलालराउत कुर्मी	६६५
२३	सर्फुनसेखिन	५३४०
२४	मिरा देवि	३५९१
२५	बासमतिचमैन	५३२
२६	बासदेवमहरा चमार	६६५
२७	जैलसियादेवी	१२३९९
२८	दुखनी देवी	२७०
२९	बहिद मियाकबारी	५३२
३०	मिना देवी	८०००

३१	शे म बसिअखतर	५०७४
३२	कबिर महतो	४६६५
३३	जगा राययादव	१७२७
३४	शिव साहकानु	१००००
३५	विनदेसरमहरा चमार	३७३४
३६	फलवासोनारीन	८५४२
३७	जमिलाखातुन	१२१३३
३८	शेख इसराफल	२०००
३९	सविलाखातुन	१३३०
४०	शेख मुहममदफारूक	९८७२
४१	बोधि महराचमार	२६१२८
४२	रोबैदिखातुन	६८४८
४३	शिवचनदरसाह तेलि	२०००
४४	सकिदनीसेखीन	१२९३१
४५	सर्फुनसेखिन	२९३४
४६	जमिलाखातुन	१३३
४७	सितलि देवी	२४०००
४८	बोधि महराचमार	१४१२८
४९	सकिदनीसेखीन	१२९३१
५०	फुलझरीदेवी	८६६१
५१	हरीचन राउतकुर्मी	२६६
५२	रामसकलराउत बरै	११२००
५३	कैलसियादेवि कुमहइन	२९४१
५४	हसनीजोलाहिन	८२६१
५५	विशुनीमहतो नुनिया	४१३३
५६	पचिया	३३२५
५७	कानती देवी	१३५८९
जम्मा		**५२९२७४**

प्रमाण पेश नगरेको	५,२९,२७४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : परोहा नगरपालिका, रौतहट , परोहा नगरपालिका , रौतहट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मो.महफुज अहमद	२०७८-८-८	२०८२-१२-२४
कार्यालय प्रमुख	विष्णु प्रसाद शर्मा	२०८३-०१-०४	हाल सम्म कार्यरत
लेखा प्रमुख	शिवपुजन मण्डल	२०७७-७-७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१२,२१४,११४	१३,३०४,०२२	१३,३९०,८४४.६	०	०	९१०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३९,८१८,९८०.६
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,०२२,४२२.६
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३७,७९६,५५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९२७१११९.३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६८९७७७१८२.५३	चालु खर्च	२७७१८७१०५.२
प्रदेश सरकारबाट अनुदान	३१५९८४०३	पूँजीगत खर्च	४१३२९४९७५.८
राजश्व बाँडफाँट	१०२७३९८८.१२	वित्तीय/अन्य व्यवस्था	४२६२७८०५.२१
आन्तरिक आय	०.०		
अन्य आय	२०२२९५१७.४७		
कुल आय	७५१८७९०९१.१२	कुल खर्च	७३३१०९८८६.२१
बाँकी मौज्दात		३८०४०३२४.२१	

अनुसूची - २

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,३७,९७,५४९.३३	०	१०,३७,९७,५४९.३३	९,०३,३९,२३७.०१	०	९,०३,३९,२३७.०१
१३०००	अनुदान		३२,२७,८२,५८४.७९	०	३२,२७,८२,५८४.७९	२९,२६,८६,०७४.२९	०	२९,२६,८६,०७४.२९
१४०००	अन्य राजस्व		५४,८१,७४३.२७	०	५४,८१,७४३.२७	६७,३७,७१४.८२	०	६७,३७,७१४.८२
१५०००	विविध प्राप्ति		१६,२३,०००.००	०	१६,२३,०००.००	०	०	०
क	कुल जम्मा प्राप्ति		४३,३६,८४,८७७.३९		४३,३६,८४,८७७.३९	३८,९७,६३,०२६.१२		३८,९७,६३,०२६.१२
३	चालु		२७,७१,८७,१०५.१६	०	२७,७१,८७,१०५.१६	३१,८०,१३,१५३.३८	०	३१,८०,१३,१५३.३८
२१०००	पारिश्रमिक / सुविधा		१२,१६,७८,४३०.९७	०	१२,१६,७८,४३०.९७	१५,२२,०३,७३३.८४	०	१५,२२,०३,७३३.८४
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,९४,१८,१५६.६९	०	१२,९४,१८,१५६.६९	९,९९,४४,८२३.०४	०	९,९९,४४,८२३.०४
२५०००	सहायता (Subsidy)		८३,७२,६५६.००	०	८३,७२,६५६.००	३५,५४,०००.००	०	३५,५४,०००.००
२७०००	सामाजिक सुरक्षा		१,५५,०८,१११.५०	०	१,५५,०८,१११.५०	१,४९,१७,७५०.१९	०	१,४९,१७,७५०.१९
२८०००	अन्य खर्च		२२,०९,७५०.००	०	२२,०९,७५०.००	४,७३,९२,८४६.३१	०	४,७३,९२,८४६.३१
४	पूंजीगत		१५,२१,१२,४४९.३०	०	१५,२१,१२,४४९.३०	११,५२,०१,२०४.०७	०	११,५२,०१,२०४.०७
३१११०	भवन तथा संरचना		७९,८०,८२३.००	०	७९,८०,८२३.००	६,०९,०७०.००	०	६,०९,०७०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२,९५,३०,२६१.००	०	२,९५,३०,२६१.००	१,३९,४५,९९७.००	०	१,३९,४५,९९७.००
३११३०	अन्य पूँजीगत		३२,६९,६०३.००	०	३२,६९,६०३.००	२,१३,३२,२९०.००	०	२,१३,३२,२९०.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		६,९२,४०,६००.००	०	६,९२,४०,६००.००	५,६०,०२,९५३.८०	०	५,६०,०२,९५३.८०
३११६०	निर्मितसरचनाको सुधार खर्च		४,००,०००.००	०	४,००,०००.००	३२,८०,६५२.००	०	३२,८०,६५२.००
३११७०	पूँजीगत सुधार खर्च		२,७६,८६,१६२.३०	०	२,७६,८६,१६२.३०	१,६८,८६,०५४.२७	०	१,६८,८६,०५४.२७
३१२२०	मौज्दात सामानहरु		०	०	०	९,४४,१८७.००	०	९,४४,१८७.००
३१४१०	जग्गाप्राप्ति खर्च		१,४०,०५,०००.००	०	१,४०,०५,०००.००	२२,००,०००.००	०	२२,००,०००.००
ख)	कुल जम्मा भुक्तानी		४२,९२,९९,५५४.४६		४२,९२,९९,५५४.४६	४३,३२,१४,३५७.४५		४३,३२,१४,३५७.४५
ग)	बचत /कमी (ग = क-ख)		४३,८५,३२२.९३		४३,८५,३२२.९३	(४,३४,५१,३३१.३३)		(४,३४,५१,३३१.३३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		२४,८७,१८७.८३		२४,८७,१८७.८३	(१,५३,८०२.८२)		(१,५३,८०२.८२)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-९४,५९६.००		-९४,५९६.००			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		६८,७२,५१०.७६		६८,७२,५१०.७६	(४,३६,०५,१३४.१५)		(४,३६,०५,१३४.१५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१,२५,०४,८२३.९२		१,२५,०४,८२३.९२	५,२३,४७,३३०.४५		५,२३,४७,३३०.४५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१,९३,७७,३३४.६८		१,९३,७७,३३४.६८	८७,४२,१९६.३०		८७,४२,१९६.३०

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।